# National News

११.०६.२०२६

## मुख्य समाचार

1. नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा नीति आयोगको 11 औं गभर्निङ काउन्सिल बैठकको अध्यक्षता गर्दै प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व अनिश्चितता र अस्थिरताबाट गुज्रिरहेको भएता पनि भारत आत्मविश्वास र दृढ संकल्पका साथ आफ्नो विकासको मार्गमा अगाडि बढिरहेको बताउनु भएको छ।

2. ओमानको तटमा पलाउ झण्डा भएको ट्याङ्कर एमटी सेटेबेलोमा हालै भएको आक्रमणको भारतले कडा निन्दा गरेको छ, जसमा तीन भारतीय नागरिकले ज्यान गुमाएका छन्।

3. केन्द्रीय सूचना तथा प्रसारण मन्त्री अश्विनी वैष्णवले आज जयपुरको आकाशवाणी परिसरमा आयोजित एक कार्यक्रममा राजस्थानको जैसलमेर जिल्लाको रामगढमा 20 किलोवाटको एफएम ट्रान्समिटरको भर्चुअल रूपमा उद्घाटन गर्नुभयो।

4. ब्याडमिन्टनमा, पीवी सिन्धु र तन्वी शर्माले आज सिड्नीमा भएको अस्ट्रेलियन ओपनको महिला सिंगल्स क्वार्टरफाइनलमा प्रवेश गरे।

5. विश्वको सबैभन्दा ठूलो फुटबल प्रतियोगिता, 2026 फिफा विश्वकप, आजदेखि शुरु हुँदैछ र जुलाई 19 सम्म अमेरिका, क्यानडा र मेक्सिकोमा चल्नेछ।

## प्रधानमन्त्रीः नीति आयोग

प्रधानमन्त्री नरेन्द्र मोदीले विश्व अनिश्चितता र अस्थिरताको अवधिबाट गुज्रिरहेको भएता पनि भारत आत्मविश्वास र दृढ संकल्पका साथ आफ्नो विकासको मार्गमा अगाडि बढिरहेको बताउनु भएको छ। नयाँ दिल्लीस्थित राष्ट्रपति भवनमा नीति आयोगको 11 औं गभर्निङ काउन्सिल बैठकको अध्यक्षता गर्दै श्री मोदीले भन्नुभयो, भारत, विकसित भारतको दृष्टिकोण प्राप्त गर्ने दिशामा अगाडि बढ्दै जाँदा, केन्द्र र राज्यहरूको सामूहिक जिम्मेवारी अझ ठूलो हुँदै जान्छ।

उहाँले भन्नुभयो सहयोग, संवाद र साझेदारीले राज्यहरू बीचको अन्तरक्रियालाई निर्देशित गर्नुपर्छ। प्रधानमन्त्रीले गुणस्तरीय शिक्षा, माग-संचालित सीप र रोजगारीका अवसरहरू मार्फत देशका युवाहरूको लागि सही पारिस्थितिक प्रणाली सिर्जना गर्नु प्राथमिकतामा रहनुपर्ने कुरामा जोड दिनुभयो। श्री मोदीले थप भन्नुभयो, सशक्त युवाहरू विकसित भारततर्फको यात्राको प्रेरक शक्ति हुनेछन् ।

प्रधानमन्त्रीले भन्नुभयो, महिला नेतृत्वको विकास विकसित भारतको दृष्टिकोणको आधारशिला हो। कृषि र स्टार्टअपदेखि विज्ञान र नवप्रवर्तनसम्म, नारी शक्तिले सबै क्षेत्रहरूमा योगदान पुऱ्याइरहेको छ, उहाँले भन्नुभयो । गृहमन्त्री अमित शाह पनि बैठकमा शामेल हुनुभयो। बैठकले देशभरका मुख्यमन्त्रीहरू र उपराज्यपालहरूलाई समावेशी मानव विकास ढाँचाको बारेमा छलफल गर्न एकसाथ ल्याएको छ।

<u>अन्तर-मन्त्रालय</u>

भारतले ओमानको तटमा हालै पलाउको झण्डा भएको टैंकर एमटी ऐट्रेबेलोमा  भएको आक्रमणको कडा निन्दा गरेको छ, जसमा तीन भारतीय नागरिकले ज्यान गुमाएका थिए। नयाँ दिल्लीमा अन्तर-मन्त्रालयीय मिडिया ब्रीफिंगलाई सम्बोधन गर्दै विदेश मन्त्रालयका प्रवक्ता रणधीर जायसवालले यस सम्बन्धमा सरकारले अमेरिका प्रभारी राजदूतलाई तलब गरेर कडा विरोध जनाएको बताए। श्री जायसवालले यस क्षेत्रमा पानीजहाजमाथि भइरहेका निरन्तर आक्रमणहरू चिन्ताजनक भएको भन्दै यस्ता घटनाहरू तुरुन्तै रोक्न आह्वान गरे।खाडी क्षेत्र का अतिरिक्त सचिव असीम आर. महाजनले भने, सरकारले खाडी र पश्चिम एशिया मा स्थिति माथि नजर राखी रहेको छ।

पेट्रोलियम तथा प्राकृतिक ग्यास मन्त्रालयकी संयुक्त सचिव सुजाता शर्माले देशमा कच्चा तेल, पेट्रोल, डिजेल, एलपीजी र प्राकृतिक ग्यासको आपूर्ति स्थिर छ र घरेलु रिफाइनरीहरू उच्चतम क्षमतामा सञ्चालनमा छन्, भनेकी छन् । उनले नागरिकहरूले आतंकित भएर किनमेल गर्नबाट टाढा रहन र इन्धनको वैकल्पिक स्रोतहरू अपनाउनुपर्ने बताइन्।

नाविक कल्याण को समितिलाई प्रत्येक मृतक नाविकको परिवारलाई १०-१० लाख रूपियाँको अनुग्रह राशि दिइने निर्देश दिएको छ।

## उत्पाद शुल्क पेट्रोल छुट

सरकारले इथेनॉल मिश्रित पेट्रोलका केही प्रकारहरूमा उत्पाद शुल्कमा छुट दिएको छ। एक अधिसूचनामा, केन्द्रीय वित्त मंत्रालयले घोषणा गर्यो कि २२, २५, २७ र ३० प्रतिशत इथेनॉल मिसाइएको पेट्रोललाई केन्द्रीय उत्पाद शुल्कबाट छुट दिइएको छ। मन्त्रालयले भन्यो, चारै इन्धन श्रेणीहरूमा अब उत्पाद शुल्क शुन्य हुनेछ। यसको उद्देश्य भारतको इथेनॉल मिश्रण कार्यक्रमलाई सुदृढ पार्न हो।

## वैष्णव जयपुर

केन्द्रीय सूचना तथा प्रसारण मन्त्री वैष्णवले आज जयपुरको आकाशवाणी परिसरमा आयोजित एक कार्यक्रममा राजस्थानको जेसलमेर जिल्लाको रामगढमा २० किलोवाटको एफएम ट्रान्स्थानको भर्चुअल उद्घाटन गर्नुभयो। राज्यमा एफएम ट्रान्समिटरको कुल संख्या ३९ पुगेको छ। नयाँ ट्रान्समिटरले सीमार्वती क्षेत्रहरूमा ८० किलोमिटरको दायरा भित्र रेडियो कभरेज प्रदान गर्नेछ, जसले मानिसहरूलाई विस्तृत जानकारी, शैक्षिक सामग्री र मनोरञ्जन कार्यक्रमहरूमा पहुँच प्रदान गर्नेछ।

सभालाई सम्बोधन गर्दै केन्द्रीय मन्त्री वैष्णवले भन्नुभयो, कश्मीरदेखि कच्छसम्म देशका सीमावर्ती क्षेत्रहरूमा आकाशवाणी र दूरदर्शनको कभरेजलाई बलियो पार्न विशेष व्यवस्थाहरू विकास गरिँदैछ, जसमा नयाँ एफएम ट्रान्समिटरहरू र प्रसारण पूर्वाधार स्थापना गरिँदैछ। श्री वैष्णवले प्रसार भारतीको समय ढाँचालाई रूपान्तरण गर्न आह्वान गर्नुभयो।

उहाँले जयपुरमा बन्ने एआई डाटा सेन्टरलाई पनि उल्लेख गर्दै यसलाई भविष्यको प्रविधितर्फको प्रमुख कदमको रूपमा वर्णन गरे।

## युएई-मोदी शुभकामना

युएईका राष्ट्रपति मोहम्मद बिन जायद अल नाह्यानले प्रधानमन्त्री नरेन्द्र मोदीलाई भारतको सबैभन्दा लामो समयसम्म निरन्तर निर्वाचित प्रधानमन्त्री बनेकोमा बधाई दिएका छन्, जुन देशको लोकतान्त्रिक यात्रामा ऐतिहासिक कोसेढुङ्गा हो।

सामाजिक सञ्जाल पोस्टहरूको उहाँले एक श्रृंखलामा, शेख मौहम्मदले आधुनिक भारतको इतिहासमा निर्वाचित सरकार प्रमुखको रूपमा सबैभन्दा लामो समयसम्म निरन्तर कार्यकाल हासिल गरेकोमा प्रधानमन्त्री मोदीलाई बधाई दिए।

## PM G7 यात्रा

प्रधानमन्त्री नरेन्द्र मोदी आगामी G7 शिखर सम्मेलनमा भाग लिन यस महिनाको 14 देखि 18 तारिखसम्म फ्रान्स र स्लोभाकियाको भ्रमणमा रहनुहुनेछ। आज दिउँसो नयाँ दिल्लीमा मिडियालाई जानकारी दिँदै विदेश मन्त्रालयमा सचिव (पश्चिम) सिबी जर्जले यो भ्रमण अत्यधिक उपयोगी र व्यापक हुने बताए।

## ब्याडमिन्टन

ब्याडमिन्टनमा, पीवी सिन्धु र तन्वी शर्माले आज सिड्नीमा भएको अस्ट्रेलियन ओपनको महिला सिंगल्स क्वार्टरफाइनलमा प्रवेश गरे। दुई पटक ओलम्पिक पदक विजेता सिन्धुले प्री-क्वार्टर फाइनल मा आफ्नै देशकी इशारानी बरुआलाई 22-20, 21-12 ले पराजित गरिन्। उनको अर्को खेल ताईवानकी चेन सु-युसँग हुनेछ। उता तन्वी शर्माले मालविका बनसोडलाई 21-13, 21-15 ले पराजित गरिन्।

पुरुष डबल्समा एमआर अर्जुन और हरिहरन अम्साकारुननको भारतीय जोडीले पनि न्यूजील्याण्डका जोडी माइकल ओवेन र डिलन सोएदजासालाई 21-17, 21-7 ले पराजित गर्दै अन्तिम आठमा प्रवेश गरे।

फिफा विश्वकप

विश्वको सब भन्दा ठुलो फुटबल प्रतियोगिता फिफा  विश्व कप २०२६ आजदेखि शुरू भई रहेको छ। यो टुर्नामेन्ट १९ जुलाई सम्म अमेरीका, क्यानाडा र मैक्सिकोमा आयोजना हुनेछ।

उद्घाटन मैचमा आज ग्रुप ए मा आयोजक देश मेक्सिको को सामना दक्षिण  अफ्रीकासित हुनेछ। भारतीय समय अनुसार मैच बेलुकी साढे बारह् बजे देखि शुरू हुनेछ।